# हारती (एकजटी)

**–तीर्थलाल नःघः भनी**

कान्तिपुरदेखि केही पश्चिम "सिंगु" भन्ने डाँडोको शिरानमा एउटा स्वर्णमोलंबित सुन्दर भव्य चैत्य छ, त्यस चैत्यलाई "धर्मधातु वागेश्वर चैत्य" भनिन्छ । साथै स्वयम्भू चैत्य पनि भन्दछन् । यस चैत्यको ठीक पछाडि पश्चिम र उत्तर बीच वायव्य कोणमा दुई तल्ले सुनौला छाना भएको एउटा भव्य मन्दिर अवस्थित छ । त्यस मन्दिरको गर्भगृहमा दक्षिणाभिमुख गरेको एक सुन्दर भव्य तथा मनमोहक शिलामूर्ति प्रतिष्ठापित छ ।

यो मूर्ति अर्धपद्मासन अर्थात् बायाँ गोडा पलेटी मारी दाहिने गोडाले कमलका फूलमा टेकी बायाँ हातले काखमा बसेकी प्रियेंकरीलाई च्यापी दायाँ हातले वर प्रदान गरी रहेकी छिन् । साथै एउटा केटालाई काँढमा बोकी, अर्कोलाई घुँडासंगै र कान्छोलाई घुँडामुनि र अर्की एउटी छोरीलाई बायाँ काखसंगै राखेको छ । यसरी छोराछोरीहरू साथमा लिई आनन्दले मुस्क्राइरहेको सुन्दर मूर्ति छ । यिनै मूर्तिलाई "हारती" भनी पुकारिन्छ । अद्यापि पुकारिँदै आएका छन् ।

यो मूर्ति कुन श्लोक, ध्यान तथा ग्रन्थ र तन्त्रका आधारमा निर्माण गरिएका हुन् थाहा हुन सकेको छैन र अहिलेसम्म प्रकाशमा आएको पाइएको छैन । परन्तु अहिले विद्यमान शिलामूर्ति पुरानो होइन । किनभने जोशी रिसर्च इन्ष्टिच्यूटबाट प्रकाशित रोलम्बा ७-३ को ४२ पृष्ठमा उल्लेख भए अनुसार हारतीको पुरानो मूर्ति फुटालिएको भन्ने बुझिन आएको छ । उक्त टुक्रिएको मूर्ति कहाँ छ, के भयो थाहा हुन सकेको छैन । अपितु उक्त टुक्रिएको मूर्ति त्यही मन्दिरभित्र समाविष्ट गरिएको छ भन्ने कसै कसैको भनाइ पनि सुनिनमा आएको छ । हो न हो, पुष्टि भएको छैन ।

यस भनाइबाट हाल विद्यमान मूर्ति पछि निर्माण गरी प्रतिष्ठा गरेका हुन् भन्ने स्पष्ट देखिन आएको छ । यी मूर्ति थँहितिका शिलाकारले कुँडिएका हुन् भन्ने जनमानसको भनाइ सुनिन्छ । तर ती कलाकार को हुन्? उनका वंश को थिए थाहा पाउन सकेको छैन । जे होस् यी कलाकारले ती मूर्ति पुरानो मूर्तिका आधारमा निर्माण गरेका हुन् कि अरू कुनै आधारका निर्माण गरेका हुन्, स्पष्ट छैन । नयाँ निर्माण गरेका हुन् भने कलाकारले आफ्नै स्वेच्छाले वा अरू कुनै साधकको सल्लाहले गरेका हुन्? यो पनि प्रष्ट छैन् ।

अतएव पुरानो मूर्ति के कस्तो थियो थाहा हुन सकेको छैन । न कुनै ग्रन्थ, श्लोक, गीतहरूमा वखान गरिएको पाइएको छ । पुरानै मूर्तिको प्रतिविम्बित गरी बनाएको हुनु पर्दछ भने विचारणीय छ । किनभने नेवारी भाषामा दुई चार

वटा गीत श्लोकहरू प्रकाशमा आएको पाइन्छ । स्वर्गीय मानदास तुलाधरले संकलन गरी प्रकाशित गरिएको "पुलांगु मे" भन्ने पुस्तक तेश्रो भागको १८ पृष्ठमा यसरी लेखिएको छ ।

धन्दे परमेश्वरी हारती माता ॥
अदभुत रूप बिज्याक हे माता ॥
गोसिंग परबत धरमया थानसस ॥
बिज्याक भक्तया जननी हे माता ॥
धन भाजु धनमेजु ज्य भाजु बासिं मेजु ॥
जिलं भाजु सहित बिज्याकम्ह हे माता ॥

यस गीतबाट "धनभाजु, धनमेजु, ज्य भाजु बासि मेजु र जिलं भाजु भन्ने समेत पुत्रापुत्री सहित भक्तजनको जननी भइ गोसिंह पर्वतमा विराजमान भइरहेको हारती" भनी बुझाएको छ । साथै वहाँले नै संकलन गर्नु भएको अर्को "पुलांगु मे" भन्ने पुस्तकको वा पृष्ठमा यसरी लेखेको पाइएको छ ।

जयति जय श्री हारती अजिमा रक्षा
यायमालमा ॥
धन भाजु, धन मेजु, लाटा भाजु, लाटी मेजु
वासिं भाजु सहित न बिज्याकमा ॥

यस गीतमा पुत्रापुत्रीको नाममा पाठान्तर पाइएको छ । कुन कसको नाम हो स्पष्ट छैन । साथै यस पंक्तिकारले संकलन गरेको "हारती मांया मे सफू" भन्ने पुस्तकको ८ पृष्ठमा एउटा गीत समावेश भएको छ । उक्त गीतमा यसरी भनिएको छ ।

गोसृङ्ग पर्वत धर्मया थानसं
बिज्यात भक्तया जननी हे माता ॥
वासिं भाजु जवमुले बासिंमेजु खवमुले
जिल भाजु सहित न बिज्याकम्ह हे माता ॥
ख्वाल उन ह्यगुलिया मिखा वानपले हलया
न्हिलीगु मुसुमुसुं बिज्याकम्ह हे माता ॥

यस गीतको भनाइ पनि उही हुन् । तापनि केही पाठान्तर पाइएको छ । यसबाट काँधमा बोकेका पुत्रका नाम "धनभाजु" दायाँ घुंडासंगै बसेका पुत्रका नाम "वासिंभाजु" र घुंडामुनि बसेका छोराको नाम "जिलंभाजु" हुन् भनी बुझाएको छ । यस्तै बायाँ काखमा बसेकीका नाम "प्रियंकरी तथा धनमेजु" र घुंडासंगै बसेकी पुत्रीको नाम "वासिंमेजु" हुन् भन्ने पनि बुझाएको छ । साथै हारतीको वर्ण "रक्तवर्ण कमलपत्ता जस्ता नेत्र" भनी बताएको छ । यसबाट हारतीको ध्यान तथा रूपको पहिचान गर्न मद्दत मिलेको छ ।

तथापि यसै गीतका आधारमा हालका मूर्ति निर्माण गरेका हुन् कि अथवा यो मूर्तिका आधारमा गीतहरू रचना भएका हुन् ठम्याउन सकिएको छैन ।

तथापि अलिकति नियालेर हेर्दा स्व. कविराज दानरत्न बज्राचार्यले प्रदान गर्नु भएको हारतीको एउटा श्लोक पनि त्यस पुस्तकमा समावेश गरिएको छ । यो श्लोकमा यसरी भनिएको छ ।

रत्नपीठे स्थितादेवी गौरवर्ण समुद्युति ।
इषद्घसित वदनां नमामि जगमोहिनी ॥
पञ्चाणांशत पुत्राणां परिवार महोत्सवाम् ।
बुद्धशासन स्थितादेवी हारती प्रणमाम्यहम् ॥

यस्तै पं. श्री हेमराज शाक्यज्यूले लेख्नु भएको "स्वयम्भु महाचैत्य" भन्ने पुस्तकको ५२५ पृष्ठमा "छा हायकेगु विधि" भन्ने पुस्तकबाट उद्धृत गरी यसरी लेखिएको पाइएको छ ।

रत्नपीठे स्थितादेवी गौरवर्ण सहप्रभाम् ॥
इसद्वशीत वदनाग्नि नमामि जगत्मोहिनीम् ॥
पञ्चाणां शतपत्राणां परिवार महोत्सवाम् ॥
बुद्ध शासन स्थितादेवी हारती प्रणमाम्यहम् ॥

यस अतिरिक्त राष्ट्रिय अभिलेखालयमा संग्रहित वि. सं ५०७ चल १३८३ री न १२९। ५ को "हारती पूजाविधि" भन्ने पुस्तकमा यसरी लेखिएको पाइएको छ ।

रत्नपीठे स्थितादेवि गौरवर्ण समप्रभाम् ॥
इषद्वशित वदनां नमामि जगमोहिनी ॥
पञ्चाणांशत पुत्रं च परिवार महोत्सवां ॥
बुद्धशासन स्थितादेवी हारती प्रणमाम्यहम् ॥

यो तीनै श्लोकमा पाठान्तर पाइएको छ । कुन सही मान्ने हो अप्ठचारो छ । तापनि तीनै श्लोकका भनाइ एउटै

देखिन्छ । यस श्लोकले ५०० वटा पुत्र सहित परिवार बुद्धको शासनमा रही रत्नपीठमा विराजमान भएको हारतीदेवी भनी बुझाएको छ । यहाँ "रत्नपीठ" भन्ने नाम कहाँबाट कसरी आएको हो स्पष्ट छैन । परन्तु राष्ट्रिय अभिलेखालयमा संग्रहित वि. सं. ५०६ च.ल. १०३४ री नं ए ९२२ । ८ को ने सं ९४९मा न्हुबहाल निवासी श्री बज्राचार्य चन्द्रपतिज्यूले लेख्नु भएको "हारतीको पूजाविधि" भन्ने पुस्तकमा यसरी लेखेको पाइएको छ ।

ॐ तदनु भ्रुटि तिरंकार, परिनत अग्निमण्डलं ॥
मध्यस्थ अस्तार चक्रं तन्मध्ये हुँकार परिणतं ॥
समयसत्वं ततरत्नपीठे ललितासनस्था गौरवर्ण ॥
अनुपन सुख रूपा, सर्वालंकार भूषिता प्रियंकरा ॥
रत्नाकृत रहस्य इषद्वशित बदना पञ्चपुत्र
महोत्सवा,
हारतीदेवी महायक्षणी विभाव्यं ॥

यस उक्तिबाट "अग्निमण्डलको आठ चक्रमध्ये हुंकार रूपधारण गरी रत्नादि जरिट नाना अलकार आभूषणले सुशोभित भई प्रियंकरा सहित पाँच पुत्रहरूका साथ सदाकाल रत्नपीठमा ललितासन गरी आनन्दले विराजमान भएकी गौरवर्ण भई अति सुन्दरी महायक्षणी हारती देवी भनी वयान गरेको छ ।

साथै माथि प्रस्तुत गरिएको तीनवटा श्लोकहरू यसैको संक्षिप्त रूपमा प्रतिपाद गरेको प्रतीत हुन् आएको छ । यो श्लोकहरू ने. सं. ९४९ (वि. सं. १८८६) पछि मात्र संरचना भएको आभास हुन्छ । यसै पुस्तकमा अर्को ठाउँमा यसरी पनि लेखिएको पाइएको छ ।

ॐ हारती महायक्षणी पञ्चपुत्रशत परिवारण्णां
बुद्धवाच प्रतिपालिनी हर र सर्वपापान सर्व
यक्षणी प्रवेशय .........

पुनः यसरी पनि लेखिएको छ ।

ॐ हारती वज्रपुष्पं प्रतिच्छ स्वाहा ॥
ॐ हारती प्रथमपुत्र प्रतिच्छ स्वाहा ॥
ॐ हारती द्वितिय पुत्री महादेवी प्रतिच्छ
स्वाहा ॥
ॐ हारती चतुर्थ पुत्रं महादेवी प्रतिच्छ स्वाहा ॥
ॐ हारती पञ्चम पुत्रं महादेवी प्रतिच्छ स्वाहा ॥

यस उक्तिहरूमा एक आपसमा बाझिएको देखिन्छ । माथिल्लो ध्यानबाट "प्रियंकरा भन्ने पुत्री सहित पाँच पुत्रहरू साथमा लिएको" भन्ने बताएको छ । दोश्रो उक्तिबाट पाँच सय पुत्रहरूको परिवार भएको हारती भनी बताएको छ र पुष्पांजलीमा एक पुत्री र चार पुत्रहरू मात्र देखाएको छ । साथै पण्डित श्री हेमराज शाक्यज्यूले "स्वयम्भू महाचैत्य" भन्ने पुस्तकको ७६ पृष्ठमा पञ्चरक्षा महायुरी अध्यायबाट उद्धृत गरी यसरी लेखेको छ ।

पांचिकस्य चया भार्या हारती नामविश्रुता ॥
पंचभिदुहिताशतै तिष्टते परिवारिता ॥
पंचजा मातृशतै पंचपुत्र शतै युता ॥
पुरस्कृतस्यसा नित्यं पंचभिस्तु पिकाशतै ॥
विमान सर्वतो भद्रे शुचिगन्धे नगरे ॥
पाटली पुत्रेच वरदेशो निवासिनी ॥
एता सवश्च राक्षसा महार्द्धिको महाबला ॥
वसन्ति देशदिशेषु पृथक्कृत्वालयषुच ॥

यस श्लोकबाट "पाटलीपुत्र परदेशका शुचिगन्ध नगरका सर्वतो भद्र विमान नाम गरेका स्थानमा ५०० पुत्री, ५०० पुत्र तथा ५०० ज्वाईंहरू र श्रीमान पांचिकस्य सहित परिवार भई देशदेशान्तरमा विभिन्न स्थान बनाई बसी रहेको हारती यक्षनी हुन्" भनी बताएको छ ।

परन्तु यो श्लोक पनि माथि प्रस्तुत गरिएको श्लोक तथा उक्तिहरूसंग बाझिएको देखिन्छ । यी उक्तिहरू विद्यमान मूर्तिसंग मेल खाँदैन । साथै पुरानो मूर्ति चिनाउने अभिप्राय तर्फ इङ्गित गरेको पनि पाईंदैन । तसर्थ उक्त श्लोक तथा उक्तिहरू अर्कै उद्देश्यबाट तथा पाराबाट रचना गरेका हुन् भन्ने आभास हुन्छ ।

किनभने हारती पूजाविधि (छा हायकेगु पूजाविधि) ने. सं. ९४९ (वि.सं. १८८६) भन्दा पुरानो पाइएको छैन । आशा सफू कुथिमा पनि देखिंदैन । अरू कुनै कसैको घरमा सुरक्षित छ भने विचारणीय छ । हालसम्म पाइएको पुस्तक र श्लोक तथा गीतको आधारमा विचार गर्दा वर्तमान मूर्ति

प्रतिष्ठापित गरिसके पछि मात्र रचना तथा निर्माण गरेका हुन् भन्ने प्रतीत हुन आउँछ ।

किन कि स्वयम्भूस्थित हारतीको मूर्ति ने. सं. ९४९ मा चुर्णाभूत पारेपछि एक आढ वर्षमा नै नयाँ मूर्ति स्थापना गरेको हुन सक्छ । मूर्ति प्रतिष्ठा गरिसकेपछि प्रस्तुत श्लोक गीत, पूजा विधि पुस्तक निर्माण गरेका हुन् भन्ने स्पष्ट देखिन आएको छ । पूजा विधिको उक्ति र कार्यहरू र नेवारी भाषाको रूपबाट पुष्टि हुन आएको छ ।

यिन देवीलाई गीत श्लोक मात्र बनाएर आदर सत्कार गरी आएको होइन, पूजा पनि उत्तिकै गरी आएको पाइन्छ । यिनलाई उपत्यका बासी नेवार समाजले "हारती" भनी पुकारिन्छ भन्ने कुरा माथि उल्लेख भइसकेको छ । गाउँ तथा पहाडका भक्तजनले "आकाशदेवी" भनी पुकारिन्छ । साथै "माथिको देवी" भनी मानी आएका छन् । यिनलाई दैनिक सामान्य पूजा अर्चना अपरिहार्य जस्तै भइसकेको छ । परन्तु यिनलाई विशेष रूपले किन मानी आएका हुन् भनी मनन् गर्दा यी देवदेवीहरूले केटाकेटीहरूलाई छोप्न लाग्छन् रे । बच्चाहरूलाई मात्र होइन ठूलाठूलाहरूलाई पनि छोप्ने र लाग्ने गर्छन् रे भन्ने जनधारणा पाइन्छ ।

यसरी छोपेको, लागेको हो भनी विश्वास गर्नेहरूले प्रथम उपचार चोखो सुन पानी तथा ल्वांङ पानी छर्की दिने गर्दछन् । साथै छ वटा धूप बाली सुँघाई दिन्छन् र अलिकता चामल ढोगाई छर्किदिने गर्छन् । दोश्रो उपचार सायंकालमा भिजाएको सानो केराउ सहित अन्य फलफूलका टुक्राहरू साथै चामल रातो सिन्दुरमा पुछी बिरामीलाई ढोगाई छानामा अथवा आगनका पर्खालहरूमा तीन पटक छर्किदिने गर्दछन् । तेश्रो उपचार धकी भरी समयबजी राखी मध्यान्हमा अर्थात् दिनको १२ बजेको समयमा यस्तै छर्किदिने गर्छन् । यस अलावा पूजा आउने छु भनी पूजा पन्छाई भाकल पनि गर्ने गरिन्छ ।

यसरी पूजा पन्छाएको भाकलको पूजा हाँसका फूल, धूप, दीप, सिन्दुर अक्षेता फलफूल भेटी सहित राखी मन्दिरमा पूजा गर्न आउने गाउँ पहाडका मानिसहरू दिनहुँ उत्तिकै घुईचो देखिन्छ । पूजा आउने मात्र होइन, आफ्ना बालबच्चा लिएर देवीदेवता धोगाउन ल्याउने र चढाउन ल्याउने पनि कम छैन । शहरको नेवार सम्प्रदायले पकाएको हाँसको फूल दुइटा, पेडा छ वटा, सम्हेबजी, फलफूल राखी पञ्चमकार "कलः पूजा" भनी पूजा गर्न आउनेहरू पनि त्यत्तिकै भीड देखिन्छ । अरू नेवार जात भए तापनि निम्न मानिएकाहरूको पूजा जोरजाम गरेको चल्दैनथ्यो । पूजावरी गुरूजू मार्फत गराउने प्रचलन थियो । त्यति मात्र होइन, मन्दिरमा आ-आफ्ना पूजा आ-आफैले गर्न हुँदैन । पूजारी गुरूज्यूद्वारा नै गराउनु पर्दछ । कुनै कुनैले हाँस, परेवा, बोका छोड्न ल्याउने पनि गर्दछन् । कसै कसैले जुनदेवता लागेको छ उनैसंग मीत लगाउने गरेको पनि प्रशस्त देखिन्छ । धेरैजसो केटा भए "धनभाजु" संग र केटी भए "धनमेजु" संग मीत लगाउने गरिन्छ । यसरी मीत लगाए पछि कुनै पनि देवदेवताले छोप्ने र लाग्ने छैन भन्ने जनविश्वास छ ।

यी हारतीलाई नमान्ने पनि धेरै छन् । अविश्वासले नमान्नु अर्कै कुरा हो । विश्वास लागे तापनि नमान्नुको कारण तथा धारणा अर्कै छ । यी देवदेवताले छोपेका र लागेका बालबालिका अक्सर मृत्यु हुने गर्दछ । यसले गर्दा अर्काका बच्चा खाने, बोक्सी तथा यक्षणी भनी मान्दैन । यिनीलाई मान्नुको बदला ज्ञानेश्वर आनन्द (उन्मन्त) भैरवलाई मान्ने धेरै पाइन्छ । यसकारण उक्त भैरवस्थानमा पूजा गर्न आउने पनि उत्तिकै भीड अद्यापि छँदैछ । यी भैरवलाई चढाएर जन्तर लगाई दिएमा माथिका देवदेवताले छोप्ने लाग्ने छैन भन्ने जनधारणा प्रबल छ । हुन पनि भैरवसंग मीत लगाएका तथा मानिएकालाई माथिका हारतीको दोष लागेको छ भन्ने कुरा सुन्नमा आएको पाइएको छैन । यसर्थ हारतीको र आनन्द (उन्मन्त) भैरवसंग के कस्तो सम्बन्ध छ विचारणीय छ ।

यस अतिरिक्त हारतीको मन्दिरमा नेवार बौद्ध सम्प्रदायले मात्र होइन अरू धर्मावलम्वी तथा नेवार समुदायले पनि "छा हायकेगु" पूजा अर्चना गरी आएको पाइन्छ । यी पूजा दिनको छ सात थरि हुन्थे । कहिले काहीं घुँइचो पनि हुन्थ्यो । यस्तो घुँइचो नहोस् र पूजा अर्चना गर्न सुलभ होस् भन्ने अभिप्रायले सुव्यवस्था मिलाएको देखिन्छ ।

यो "छ्वा हायकेगु" भन्नेको अर्थ "सुधा (सुरा) को धारा चढाउनु" हो । राष्ट्रिय अभिलेखालयमा सुरक्षित वि. सं.५०६ च. ल. १०३४ री. नं. ९२२ । ८ को "हारती पूजा विधि" भन्ने पुस्तकमा यसरी लेखेको छ ।

ॐ सर्व भक्ष कामिनी सर्वभक्ष सोनिधि गुह्य वर्जिनी
क्रोधेश्वरी सर्व द्रव्य व्यापिनी सोधय र हुँ अमृतो अमृतं प्रवेशये हुँ

यो मन्त्र पढी सुराको सानो ध्याम्पो पूजा गरिन्छ । यसबाट सुरालाई अमृत (सुधा) बनाएको स्पष्ट बुझिन्छ । यसै पुस्तकमा हारतीको स्तोत्रमा यसरी लेखेको पाइएको छ ।

मद्यधारा प्रियादेवी जगत मोहिनी ॥

यस उक्तिबाट "मद्यको धारा मन पराएको" भनी बुझाएको छ । यसै आधारबाट "छ्वा हायकेगु" मदिराको धारा तर्काएर पूजा गरी आएका हुन् । यो पूजा अर्चना कुन ग्रन्थको आधारमा गरी आएका हुन् ज्ञात हुन् सकेको छैन । कुन तन्त्रबाट गरी आएका हुन् थाहा हुन् सकेको छैन । यस सम्बन्धी कुनै ग्रन्थ पुस्तकहरू देखेको छैन । परन्तु पण्डित श्री हेमराज शाक्यज्यूले स्वयम्भू पुराणको २४८ पृष्ठबाट उद्धृत गरी "स्वयम्भू महाचैत्य" भन्ने पुस्तकको ५२६ पृष्ठमा यसरी लेखेको पाइएको छ ।

तत्श्च हारतीदेवी पञ्चपुत्र शतै वृताम् ॥
श्री स्वयम्भु पच्छिमाग्रे दक्षिणास्यं संस्थापितम् ॥
येच यावा मनूष्यश्च पञ्चोपचारकै रपि ॥
मद्य धारादि भि पुज्यै मां सैवलि भिर्मिनकैः ॥
लेह्यै पेयैः खानै पानै भक्त पिण्डास्यां पुजितम् ॥
तस्य पुण्या प्रसादश्च नजातु इत्युपद्रवान ॥
इति ज्ञात्वा चमनुष्या स्तथासेवासदा कृताम् ॥
सदा ये या मानुष्याश्च निरोगी पदंलभ्यते ॥
अत्रजा अन्यजा लोका शैवपि बौद्ध सेविका ॥
हारत्या मपि यक्षणी सदामुदा प्रपुजितम् ॥
अथवान्यत्रजाश्चा बौद्धा श्वपि सेवाकृतम् ॥
हारित्याश्च सुदेव्याश्च सदाच मानितं मुद्रा ॥
सर्वेषामपि बौद्धानाभं वहिर्विहारे आश्रमे ॥
अतित बुद्धस्याज्ञया सदाविघ्नाननु सुरक्षितम् ॥
इत्यवश्च प्रकारेण स्वयमभीश्च प्रभावत ॥
हारत्या किल देव्याश्च अन्न किन्न रक्षितम् ॥

यस श्लोकबाट स्वयम्भूको पश्चिमस्थित दक्षिणामुख पाँच सय पुत्र साथमा लिएकी हारतीलाई मद्यको धारा चढाई मास्सादिको बलि दिइ पञ्चमकार सहित पञ्चोपचारले जुन मनुष्यले पूजा अर्चना गर्दछ भक्तिभावले सेवा गर्दछ त्यसले निरोगी पद प्राप्त गर्नेछ भनी बताएको छ । यसैको आधारमा "छ्वा हायकेगु" भन्ने मद्यधारा चढाई पूजा गरी आएका हुन् भन्ने प्रतीत हुन आएको छ ।

साथै यस श्लोकबाट "हारतीले" सदा बुद्धको आज्ञा पालना गरी हरदम बुद्धको सेवा गरी स्वयम्भू बौद्ध विहारमा बसी रहने छु र अन्त्य कहीं कतै जाने छैन भनी विराज भएकी भन्ने बताएको छ । माथि प्रस्तुत गरिएको श्लोकमा "बुद्ध शासन स्थितादेवी" अर्थात् बुद्धका शासनमा बसेकी भनी बताएको छ । यस्ता देवी हारतीलाई मद्यमास्स पञ्चमकार युक्त पञ्चोपचार पूजा गरी मदिराको धारा चढाई आएको छ । यो कस्तो बिडम्बना हो ।

बुद्धधर्ममा अहिंसाको ठूलो स्थान छ । मद्यपान निषेध छ । कविराज स्व. पद्मश्री बज्र बज्राचार्यले सम्पादन गरेको "चुडाकर्म विधान" भन्ने पुस्तकको २ पृष्ठमा गुरूले प्रवजित हुने शिष्यहरूलाई पञ्चशील शिक्षा दिने क्रममा यसरी लेखेको छ ।

मारणां, चौरीका, चापि परपत्नी मृधावच ॥
त्यक्तव्यं सर्व वत्सर्वं पंचम मद्यमेवच ॥

यस कथनबाट "मार्नु (हिंसा) चोर्नु, अर्काको स्त्रीलाई आँखा गाड्नु (व्यभिचार गर्नु), झुठ बोल्नु र मद्यपान गर्नु" हुँदैन भनी बताएको छ । यही पुस्तकको पृष्ठमा शिष्यहरूले कबूल गरेको क्रममा यसरी लेखेको छ ।

अह मित्थंनामा यावजीवं प्राणाति पापात्प्रति विरमामि ॥
अह मित्थंनामा यावजीवं मदतादानात्प्रतित विरमामि ॥

अह मित्थंनामा यावजीवं काममिथ्या चारात्प्रति
विरमामि ॥

अह मित्थंनामा यावजीवं मृषमवादात्प्रति
विरमामि ॥

अह मित्थंनामा यावजीवं सुरामैरय मद्यप्रमाद
स्थानात्प ॥

यस उक्तिबाट "हेगुरु मेरो जीवनभर प्राणीहिंसा, चोरी, व्यभिचार, भूठो बोल्ने र सुरामद्यपान गर्ने छैन" भनी बताएको छ । यस्तै भिक्षु नारद महास्थवीरले पाली भाषामा लेखिएको भिक्षु अश्वघोषले अनुवाद गरेको "त्रिरत्नवन्दना व पूजा विधि" भन्ने "आशा सफु कुथि" मा संग्रहित नं. १२२१ को पुस्तकमा यसरी लेखेको छ ।

पञ्चशील

१. पाणाति पाता वेरमणि सिक्खापदं समादियामि ॥

२. अदिभादानावेरमणि सिक्खापदं समादियामि ॥

३. कामिसु मिच्छाचारा वेरमणि सिक्खापदं
समादियामि ॥

४. मुसावादा वेरमणि सिक्खापदं समादियामि ॥

५. सुरामेश्य मञ्त्रपदा दठ्ठना वेरमणि सिक्खापदं
समादियामि ॥

यस पञ्चशीलको प्रथम लहरबाट "प्राणी हत्या जीवनभर कहिल्यै गरिने छैन" र पाँचौं लहरबाट "सुरा मद्य तथा लागूपदार्थ जीवनभर कहिले सेवन गर्ने छैन" भनी बताएको छ। यस्ता पञ्चशील पालना गरी बुद्धका अनुशासनमा रही रहेको हारती देवीलाई पञ्चमकार सहित मद्यधारा चढाई पूजाअर्चना गर्ने परिपाटी पछि मात्र प्रतिपादन गरेको आभास पाइन्छ ।

यसरी मद्यधारा चढाई पूजा गर्ने श्लोक कुन स्वयम्भू पुराणको २४८ पन्नाबाट उद्धृत गरेका हुन् उल्लेख गरेको देखिँदैन । हुन त स्वयम्भू पुराण धेरै पाइएको छ । "आशा सफु कुथि" मा सुरक्षित रहेको बु.म ११ देखि २८ सम्म जम्मा १८ वटा स्वयम्भू पुराण छन् । यस मध्ये संवत् उल्लेख भएको १० थान र संवत् नभएको ८ थान छ । यसमा सबभन्दा पुरानो ने.सं. विधुसुन्यअर्क (७०१) को हो ।

यस्तै राष्ट्रिय अभिलेखालयमा संग्रहित भइरहेको २२ थान छन् । यस मध्ये संवत् उल्लेख भएको ५ थान र संवत् उल्लेख नभएको १७ थान छन् । साथै केशर पुस्तकालयमा सुरक्षित स्वयम्भू पुराण संवत् उल्लेख भएको ५ थान छन् यसको लगत नम्बर बिषय नम्बर पुस्तक नम्बर र रील नम्बर दिइरहन निकै लामो हुने हुँदा उल्लेख गरिएन ।

यो स्वयम्भू पुराण भिन्दाभिन्दै खालका छन् । स्वयम्भू पुराण, स्वयम्भू उत्पति, कथा स्वयम्भू चैत्य कथा, आदि नामकरण गरेका छन्, एक रूपता देखिँदैन । प्रत्येक पुराणका लेखक पनि बेग्लाबेग्लै देखिन्छ । जस्तै १८ पुराण र उपपुराणहरू गुरु कृष्ण द्वयपायण वेदव्यासले लेखेका हुन् भन्ने देखिन्छ । वृहत् पुरश्चर्याणव चतुर्थ भागको ८२ पृष्ठमा दुर्गोसव प्रकरणमा महाकाल संहिताबाट उद्धृत गरी यसरी लेखिएको छ ।

अष्टदश पुराणानि व्यासेनोक्तनियानि हि ॥
यानि चोपपुराणानि दघ्नात्वांस्नापयन्तु हि ॥

यस श्लोकबाट व्यासले १८ पुराण र उपपुराण रचना गरेका हुन् भनी स्पष्ट बताएको छ । यस्तै स्वयम्भू पुराण यसबेला यसले रचना गरेका हुन् भन्ने आजसम्म कहीं कतै फेला परेको छैन । मूल स्वयम्भू पुराणका निर्माता आजसम्म अमुक नाम भई अदृश्य र अज्ञात नै छ ।

तापनि हालसम्म प्राप्त भएका देखिएका स्वयम्भू पुराणमध्ये सबभन्दा पुरानो ने. सं. ६७८ आषाढ कृष्ण पञ्चमीका दिन श्री रामानन्दज्यूले लेखेको हो । यो पुराण नेपाल कान्तिपुरका राजा जय अमर मल्ल (नरेन्द्र मल्ल) का पालामा रचना गरेको देखिन्छ । यी राजाले ने. सं. ६५० (वि. सं. १५८७) देखि ने. सं. ६८१ (वि. सं. १६१८) सम्म राज्य गरेका थिए । यो भन्दा पुरानो स्वयम्भू पुराण उपलब्ध भएको छैन । पुरानो मूल पुराण नपाएसम्म यसैलाई सबैभन्दा पुरानो हो भनी मान्नु अतिशयोक्ति नहोला । यस तथ्यका आधारमा यो पूजा सम्बन्धी श्लोकपछि समाविष्ट

गरेको आभास देखिन्छ ।

यस स्वयम्भू पुराण तथा श्लोकहरूमा वर्णन गरिए अनुसार बौद्ध धर्म अनुयायी पञ्चशीलक हारतीदेवीलाई पञ्चमकार सहित मद्य (सुरा) धारा चढाई पूजा गर्ने पद्धति यस बौद्ध पुराणमा कहाँबाट कसरी समावेश गरिएको हो भनी विचार गर्दा शैवधर्म शाक्त सम्प्रदायले तान्त्रिक पूजाअर्चना गर्दा यस्तै मद्य धारा चढाई पूजा गर्ने परम्परा पाइएको छ । बृहत् पुरश्चर्यार्णव द्वितीय भागको ४७ पृष्ठमा दीक्षा प्रयोग प्रकाश प्रकरणमा यसरी लेखेको छ ।

उर्ध्वं ब्रम्हाण्डतो वा दिवि गगनतले भूतले
निष्कले वा पाताले वाडनले वा सालिल पवनयो
र्यत्रतत्र स्थिता वा ॥ क्षेत्रे पीठो पपी ठादिषु च
कृतपदाः पुष्प धूपादिकेन प्रीतादेव्य सदान :
शुभविधि वलिना पान्तु विरेन्द्र वन्द्याः सर्व
योगिनीभ्यो स्वाहा । एष वलिर्योगिनी भ्योनम ॥

यस्तै एउटा थ्यासफुमा दीपार्चन पूजा क्रममा यसरी लेखेको छ ।

महाँकाल श्मशानाधिपतये इमशामि षान्न
बलिं गृन्ह २ विघ्न निवारणं कुरू सिद्धिमे प्रयच्छ
स्वाहाः ॥

अर्को, उग्रचण्डा पूजा विधिमा यसरी लेखेको छ ।

द्वात्रिशेष महायोग्नी सुष्क मुद्रां सवासिनी ॥
द्वात्रिश योग्निभ्यो बलिंगृन्ह गृन्ह स्वाहा : ॥

यो श्लोकहरूबाट महाँकाल, योगिनीहरूलाई मदिराको धारा चढाई बलि दिइन्छ । यसै अनुरूप तथा अनुशरण गरी हारतीलाई पनि बलिपात्रमा मद्यधारा चढाई पूजा गर्ने परिपाटी चलाएका हुन् भन्नुमा अतिशयोक्ति नहोला । यस परम्पराबाट हारतीदेवी पनि एक शैव शक्तिदेवी हुन् भनी इङ्गित गरेको देखिन्छ । परन्तु कुन देवी हुन् भन्ने कुरामा विचार गरिन्छ ।

सिगुँ डाँडामा हारतीदेवी कहिले कसले स्थापना गरेका हुन् ज्ञान हुन सकेको छैन । अहिलेसम्म ऐतिहासिक प्रमाण तथा अभिलेखहरू प्राप्त भएको छैन । यसकारणले हारतीका स्थापनाकाल अहिलेसम्म गर्भभित्र नै रहिरहेको छ । परन्तु यसको मन्दिर जीर्णोद्धार भएको अभिलेख पाइएको छ । कान्तिपुर शिलालेख सूची भन्ने पुस्तकको ३८ पृष्ठमा महामन्त्री जयसिंह रामवर्द्धनले इतुंवहालमा प्रतिस्थापित गरिएको शिलाभिलेखबाट उद्धृत गरी छापिएकोमा केही अंश यस प्रकार छ ।

श्री जय सिंहराम वर्द्धनस्य प्रतिपालित विजय
राज्ये । ....परम परेमेश्वर षडाम्नायागम श्री श्री त्रिपुरे
श्वरी सिद्धापीठ श्री पलखचो गिरि शिखर राज
दुर्ग स्थाने स्थापितः तत्रैव श्री श्री मदनेश्वर संस्था
पित महती पुष्करिणीस मण्डप जलज्ञय नारायण
स्थापितः श्री गिरिवर महाविहारे श्री श्री स्वयम्भू चैत्य
श्री एक जटी संकारितः परमयोगिन्द्र सहज नारा
यण महामन्त्री श्री मदनराम वर्द्धन .... नेत्रा काशेषु
पुर्णे सरदिशुभगत यत्र नेपाल देशे मासे चाषाढ
शुक्ले दशमितिथि वरे ........... ॥"

यस अभिलेखबाट ने. सं. ५०२ मा पलखचो गिरिमा सिद्धा पीठ त्रिपुरासुन्दरी स्थापना गरियो, मदनेश्वर महादेव स्थापना गरियो, पुष्करिणी मण्डपमा जलशयन नारायण स्थापना गरियो र श्री स्वयम्भू चैत्य र एकजटी जिर्णोद्धार गरियो भनी स्पष्ट बताएको छ । यस भनाइबाट एकजटीको प्रतिमा स्थापना ने. सं. ५०२ (वि. सं. १४३९) भन्दा अगावै राजा अर्जुन मल्लका पालाभन्दा पूर्व नै भइसकेको देखिन्छ । यस अभिलेखबाट हारतीको मन्दिर एकजटीको हो भनी बुझाएको छ ।

यिन देवीलाई ने. सं. ५०२ भन्दा पहिलेदेखि एकजटी भनी पुकारिंदै आएको देखिन्छ । कालान्तरमा हारती भनी पुकारिन थालियो । यसरी एकजटीलाई हारती भनी कहिलेदेखि नामकरण गरियो भनी विचार गर्दा स्वयम्भू पुराण निर्माण भएपछि मात्र नामकरण गरिएको प्रतीत हुन आउँछ ।

किनभने ने. सं. ५०२ भन्दा अघि हारती भन्ने नामोलेखित भएको पुस्तक ग्रन्थ श्लोक तथा पूजा विधि आदि कुनै पाइएको छैन । जब राजा धर्म मल्ल पछि राजा अमर मल्ल (नरेन्द्र मल्ल) को बीचमा स्वयम्भू पुराणको निर्माण भएको ज्ञात हुन आउँछ । यसैमा हारतीको

नामोलेखित केही कथा प्रकरण थपिएको देखिन्छ । केही अंश माथि प्रस्तुत गरिएको छ । यसैको आधारबाट हारतीको नाम प्रकाशमा आएको हो र जनमानसले बोलिने प्रचलनमा आएको हो भन्नुमा अतिशयोक्ति नहोला

जेहोस् उपरोक्त विवरणबाट हारती र एकजटी एउटै देवी हुन् भनी थाहा पाउन ठूलो मद्दत मिलेको छ । कसरी भन्ने एकजटी भन्नाले उग्रताराको एकरूप हुन् भन्ने स्पष्ट छ । तारा एक विद्या हुन् । वृहत् पुश्चर्यार्णव प्रथम खण्डको १९ पृष्ठमा शक्ति संगम तन्त्रबाट उद्धृत गरी महाविद्याको प्रकरणमा यसरी लेखेको छ ।

काली तारा छिन्नमस्ता सुन्दरी वगला रमा ॥
मातङ्गी भुवनेशानी सिध्दिविद्या चभैरवी ॥
धुमावती चदशमी महाविद्या दशस्मृता ॥

यस उक्तिबाट दशमहाविद्याको एक विद्या तारा हुन् भनी स्पष्ट बताएको छ । यी तारालाई षडाम्नायमा प्रतिष्ठा गरेको छ । वृहत् पुरश्चर्याणव प्रथम खण्डको १६ पृष्ठमा पुण्डमाला यामल ग्रन्थबाट उद्धृत गरी उतराम्नायकममा यसरी लेखेको छ ।

दक्षिणा यक्षणीरूपा तथा तारा त्रिरूपिणी ॥

यस श्लोकबाट यक्षणी रूपताराको तीन रूप छन् भनी बताएको छ । साथै माथि प्रस्तुत गरिएको स्वयम्भू पुराणको श्लोकमा यसरी लेखेको छ ।

हारत्या मपि यक्षणां सदामुद्रा प्रपुजितम् ॥

अर्को श्रावक दिनचर्या संग्रह धारणी पारा पृ. २ मा यसरी लेखेको छ ।

ॐ हारती महावज्र यक्षणी हर हर "

यस उक्तिहरूबाट हारतीलाई यक्षणी भनी बताएको छ । यस्तै तारालाई यक्षणी रूप भनी बताएकोले हारती भन्ने नै तारा हुन् भनी स्पष्ट बुझिन आएको छ । वृहत् पुरश्चर्याणव तेश्रो खण्डको ९८ पृष्ठमा तत्ववोध क्रममा यसरी लेखेको छ ।

तारं लज्जां क्रमामेशीं हुँ पडित्युग्रतारिका ॥
मायां स्त्री हुमथास्त्रान्त मित्येकजटयार्चयेत ॥
अस्त्र हीनमिदं नीलसरस्वत्या विनिर्दिशेत ॥

यस उक्तिबाट ताराको त्रिरूप उग्रतारा, एकजटा र नील सरस्वती हुन् भनी बताएको छ । साथै आशा सफु कुथिमा सुरक्षित हतु ८४ को पुस्तकमा "तारणी शतनाम स्तोत्र" मा यसरी लेखेको छ ।

तारणी तरलातन्वी तारा तरूण वस्त्ररी ॥
तोररूपा तरोश्यामा तनुक्षीण पयोधरा ॥
तुरीया तरलातीव्र गमता नीलवाहिनी ॥
उग्रतारा जया चण्डी श्री मदेकजटा शिरा ॥

यी उक्तिबाट ताराको तीन रूप उग्रतारा, उग्रचण्डी, र एकजटा भनी बताएको छ । साथै उग्रतारालाई तारा, तारणी, जया, चण्डी, एकजटा भनी पुकारिन्छ भनी बताएको छ । शक्ति अंक वर्ष ९ पूर्णांक ७ को २२५ पृष्ठमा "तारा रहस्य" क्रममा महाभारत भीष्म पर्व २३ अध्यायबाट उद्धृत गरी यसरी लेखको पाइएको छ ।

चण्डी चण्डे नमस्तुभ्यं तारार्णि वर वार्णिनि ॥

यस तथ्यबाट तारालाई चण्डी तारणी पनि भनिन्छ भनी स्पष्ट बुझाएको छ । यस अतिरिक्त वृहत् पुरश्चर्याणव तृतीय खण्डको १०३ पृष्ठमा तन्त्र चुडामणिबाट उद्धृत गरी यसरी लेखिएको छ ।

वीजान्ते एकजटायै हृदयं परिकीर्तितम् ॥
तारण्यै शिरसे सद्रवद्र वज्रोदके शिखांतथा ॥
उग्रजटे च कवचं महोपरिसरे तथा ॥
पिङ्गोगैकजटे तद्धन्नेत्रास्ते परिकीर्तित ॥

यस उक्तिबाट पनि तारालाई एकजटा, तारणी वज्रोदका र उग्रतारा भनिन्छ भनी बताएको छ । आशा सफु कुथिमा रहेको छ. बि १०४ को उग्रतारा देब्या नित्य कर्माचन " भन्ने पुस्तकमा यसरी लेखेको छ ।

न्यास : - एकजटाय हृदयाय,...... तारणी शिरसे ........

वज्रोदक शिखाय ......... नीलसरस्वती कवचाय
महापरि पिङ्गोएकजटाय नेत्रत्रयाय ।

पूजा : -

आग्नेय - एकजटायै देव्यै
ऐशान्य - तारणी देव्यै
नैत्र्याय - वज्रोदका देव्यै
बायुब्य - उग्रताराय देव्यै
चतुदिक्षु - महपरिसिरे पिङ्गो ग्रैक जटायै ।

यस न्यासहरूबाट पनि तारालाई एकजटा, तारणी वज्रोदका उग्रतारा आदि भनिन्छ भनी बताएको छ । यस तथ्यहरूबाट ताराको एकरूप एकजटा हुन् भनी स्पष्ट बुझाएको छ । यसै अनुरूप सिंगुँका (स्वयम्भूका) एक जटी दशमहाविद्याका एकविद्या ताराका एकरूप हुन् भन्ने पुष्टि हुन आएको छ । यिनैलाई हारती भनी पुकारी आएको हो भनी पुष्टचाएको छ । तर तारालाई हारती भनी पुकारिएको कुनै श्लोक ग्रन्थ प्राप्त भएको छैन ।

तापनि ने. सं. ५०२ मा जीर्णोद्धार गरिएका एकजटीलाई नै हारती भनी सम्बोधन तथा पूजा गरी आएकोले उग्रताराको एक रूप हो भन्नु युक्तिसंगत देखिन्छ । तन्त्रविद्यामा तारा र कालीमा भेद नगर्नु भनेको पाइन्छ । कल्याण मन्दिरबाट प्रकाशित "कालीतन्त्रम्" भन्ने पुस्तकको ५३ पृष्ठमा यसरी लेखेको छ ।

कालिका तारणी भेदंयः करोतिसनारकी ॥

यसश्लोकले काली र तारामा भेद मान्नेहरू नरकका भागी हुनेछ भनी बताएको छ । साथै वृहत् पुरश्चर्याणव तृतीय खण्डको २६ पृष्ठमा काली विद्या प्रकरणमा यसरी लेखिएको पाइएको छ ।

मद्यं मत्स्यं तथा मांसं मुद्रांच मैथुनं तथा ।
ब्राम्हणी वीराभावेण कालिकायै निवेदयेत् ॥
ब्राम्हण क्षत्रियो वैश्यः शुद्रश्व कुल योगत : ॥
पञ्चमै पुजयेत काली मोक्षार्थीयः कलौ भवेत् ॥

यस श्लोकबाट ब्राम्हण क्षेत्री वैश्य तथा शुद्रले आफ्ना कुलानुसार मद्य, माछा, मासु मुद्रा तथा मैथुन सहित पञ्चमकार राखी कालीलाई पूजा गरे मोक्ष प्राप्ति हुन्छ भनी बताएको छ । यसै अनुरूप माथि प्रस्तुत गरे अनुसार मद्य-सुरा (जाँड) मत्स्य-माछा, मांस-मासु, मुद्रा-बारा तथा मैथुन-फुल (अण्डा) सहित पञ्चमकार राखी मदिराको धारा चढाई (छ्वा हायकेगु) पूजा गरी आएका हुन् भन्नुमा अत्युक्ति नहोला ।

अब एकजटीको र हारतीको रूप वर्णन तथा ध्यान विषय अलिकति चर्चा गरिन्छ । प्रथम त एकजटाको ध्यानमा विचार गरिन्छ । वृहत् पुरश्चर्याणव तृतीय खण्डको १०४ पृष्ठमा तारा विद्या प्रकरणमा मन्त्र चुडामदौबाट उद्धृत गरी एकजटा खण्डमा यसरी लेखेको छ ।

तस्यो परिगृहे देवी खर्वा नीलमणि प्रभाम् ॥
लम्बोदरीं व्याध चर्म समावृत नितास्विनीम् ॥
पीनोन्नतुपयो भारां रक्तवर्तुल लोचनाम् ॥
ललजिहा महाभीमां द्रष्ट्राकोटि समुज्ज्वलम् ॥
नीलोत्पले लसन्मालां बध्दजुटां भयङ्करीम ॥
दुर्वादल श्याम नागकृत यज्ञो पवीतिनिम् ॥
चतुर्भुजा रक्तमांस खण्डमण्डित मुष्टिना ॥
जटाजुटाक्षसुत्रेण शोभितां तीक्ष्णधारया ॥
खड्गेन दक्षिण स्योर्ध्वे शोभितां वीरनादिनीम् ॥
तदधः स्याद्धीजवृन्त कर्तिकालङ्कृती पराम् ॥
वामोर्ध्वे रक्तनालेन दिगम्वर मनोहशम् ॥
दधतीं नीलमद्यं च तदध : स्यात् कपालकम् ॥

यस संक्षिप्त ध्यानबाट "बाघ छाला बेरेकी, दूधले तनक्क भरेको स्तन भएकी, रातो आँखा, जीब्रो निकालेकी, दुइटा दाँत चमक्क चम्केकी, नील कमलको माला लगाएकी, नागका माला लगाएकी चार हात भएकी, एक हातले खड्ग, एक हातले कर्तिक र एक हातले नील पद्म तथा एक हातले पात्र समाई नीलमणि पर्वतमा विराजमान भइरहेकी भनी बताएको छ । यस अनुरूप सिंगुँको मूर्ति मिल्न आएन । साथै आशा सफु कुथिमा रहेको बुधा २३ को "बज्रजोगिनी एकजटा" भन्ने पुस्तकमा यसरी लेखेको पाइएको छ ।

भाव्यते तात्क्षणादेवी नीलाजने समप्रभाम् ॥
खङ्गजल त्रिनेत्रा च रक्तभीम सुलोचना ॥
व्याघ्रचर्म परिघाना कपाल भरणी ह्वरा ॥
भोक्तिकनै वहारेन शोभनेन विराजिता ॥

द्वितक्ता वषाकारं पिनोन च पयो धरा ॥
सुपिग्रेकजटादेवी लंवोदल सुस्वभना ॥
इषदृष्वा करालास्य ललजिह्वा भयंकरी ॥
नीलसर्प सुधोरेश्च मण्डितातिव्र रस्मि ॥
भि केपुर्न पराज्येश्च किकिन्यभि प्रमाण्डिता ॥
वाम हस्ते कपालंच दक्षिणे कर्तिक शोभना ॥
उत्पलश्च परेहस्ते केलिकाम सुसंयुक्तम् ॥
पुन दक्षण हस्ते च खड्ग मास दधानक ॥
खड्ग परिणाम योगेन अक्षमाला च दृश्यते ॥
आलिछन करा च कपाल मधो दर्शनम् ॥
प्रयानर पूजाभाव लक्ष्मी ह्याला समन्विता ॥
ध्यानय कुरूते नित्यं देव्या भक्ति समन्वितम् ॥

यो ध्यान श्लोकमा माथि दिएको ध्यान श्लोकसंग केही श्लोकान्तर तथा पाठान्तर पाइएको छ । अरू भाव वर्णन विवेचना मिलान नै देखिएकोले यसको भावार्थ दिइएन । यसबाट पनि तारा (वज्रयोगिनी) खड्ग जोगिनीका एकरूप एकजटी हुन् भनी पुष्टयाएको छ । तथापि यस अनुरूप सिंगुँका हारती मूर्ति मिल्न आउँदैन ।

यस्तै राष्ट्रिय अभिलेखालयमा संग्रहित विषय संख्या ५०६ च. ल. १०३४ री न ए ९२२ । ८ को ने सं ९४९ चैत्र शुक्ल ११ का दिन न्हुगुवहालका बज्राचार्य चन्द्रपतिले लेखेको "हारती पूजा विधि" भन्ने हस्तलिखित पुस्तकमा "हारती स्तोत्र" मा यसरी लेखेको छ ।

ललितासन समायोगा अग्निमण्डल मध्यस्थम् ॥
त्रिमुखा त्रिनेत्रा षडभुजा गौरवर्ण पद्मासनस्था ॥
उर्ध्वहस्ता अभय मुद्रा वाम सरश्चधनु धरा ॥
खड्ग पास (वर) मुद्रा सर्वालंकार भूषिता ॥
..........................सर्व दुष्ट त्राशिनी ॥
मद्यधारा प्रियादेवी ............ जगत मोहिती ॥

यस श्लोक खण्डित देखिन्छ । तापनि यसबाट तीन मुख भएकी, तीन नेत्र भएकी, कमलका फुलमा पाउ राखेकी, गौर वर्ण भएकी, छ हात भएकी, दाहिने हातले अभय, खड्ग पास तथा बायाँ हातले सर, धनु र वरमुद्रा धारण गरेकी, सर्वालंकारले सुशोभित भइ जगतकी मोहिनी रूप भई ललितासन गरी अग्निमण्डलको मध्य भागमा बसेकी साथै मद्यधारा प्रिय भएकी देवी भनी बुझाएको छ । यस अनुरूप सिंगुका हारतीको मूर्ति मिल्न आउँदैन । यस अलावा "आशा सफू कुथि" मा सुरक्षित बुधा १२० को "हारती धारणी" भन्ने हस्तलिखित ग्रन्थमा यसरी लेखेको छ ।

महावीर्य अपतिहते शासन महावल पराक्रम ॥
अशिमुसल परशुपास गृहतों हस्ता ॥
महा क्रोधेश्वरी उग्ररूपिणी अनन्तमुखी ॥
..........सहस्त भुज अजितः अपराजित ॥
धिष्ठाणां धिष्ठति ........ सर्वदेवाना वंदित ॥
पुजते सुप्रसाधियेते वजघोणा वजवजा ॥
.........वहे वजायुधः वजकात्या यानी ॥
वजात्मिलिताक्षी शुक्षम अधोर रूपिणी ॥
विकृत दशन वैदुर्य लंकृत शरीरे ॥

यो धारणी श्लोक अस्पष्ट र अपूर्ण छ । यस कारण भावार्थ गर्न अप्ठ्यारो पर्न गएको छ । तापनि संक्षिप्त रूपमा भावार्थमा महाविर्य महाबल पराक्रम भएकी, क्रोधमा महाक्रोधी भई क्रोधेश्वरी कहलाएकी, उग्ररूप भएकी, सहस्त्र हात भएकी सब देवताहरूले वन्दना गरेकी देवी भनी बुझाएको छ । यस धारणी अनुसार पनि सिंगुका हारती मूर्ति मिल्दैन । यस अलावा सोही आशा सफू कुथिका बुधि २८५ को "हारती पूजा विधि" भन्ने पुस्तकको १४ पृष्ठमा यसरी लेखेको छ ।

ॐ नमो भगवत्य आर्य प्रतिसरायै महासाफ मुप्र
मर्दणी माहामायुनै महाशीत वत्यै ...........
महामन्त्रा नुर्शारणे बुद्धाश्चै महात्मा ॥
बिद्यादेव्या महावेला मामकी भृकुटी श्चैव ॥
तारा देवी तथाकुशि वजश कश्या श्वेता ॥
महाश्वेता स्तथवे च महाकाली चदष्टच ॥
वजदुष्ट स्तथापरा सुपाशिव जपाशिव ॥
जपाणि महावला वजमाला महाविद्या ॥
तथैवामृत कुण्डली अपराजिता महादेवी ॥
कालकर्ण महावला तथा धन्या महाभागा ॥

पद्मकुण्डली रे वच पुष्पदन्ति मणिचुण्डे ॥
स्वप्न केशी च पिंगला महातेजा तथादेवी ॥
धन्या च विद्युमारिनी राक्षसेक जटा श्चैव ॥
बुद्धादिक्षित नायका कापालिपि महाभागा ॥
धान्या लंकेश्वरी स्तथा अन्याश्च वहवोविद्या ॥
सत्व सुग्रह कालिका तद्याथा कालिकलालि ॥
कुण्डली संखिनी कमलाक्षिणी हारती हरिकेशी ॥
श्रीमती हरिपिगरे लम्वे पुलववे लम्वोदले ॥
कालपाशे कलशोदारे यमदुति यमरक्षशी ॥

यस श्लोकबाट हारतीलाई "तारादेवी,महाश्वेता, महाकाली, जयाशिव, महाविद्या, अपराजिता, पिंगला, एकजटा, बुद्धादीक्षित नायका, कपालिनी, लंकेश्वरी, कालिका, कुण्डली शंखिणी, कमलाक्षणी, र यमदुति आदि भनी विभिन्न नामले पुकारेको देखिन्छ । यसबाट हारती एउटी हिन्दूदेवी अर्थात् शैवतन्त्र मन्त्रका देवी हुन् भनी स्पष्ट बुझाएको छ । साथै यस श्लोकमा पाँच पुत्र तथा पाँच सय पुत्रापुत्री लिएको भनी भनिएको छैन । यसबाट पनि सिंगुका मूर्ति मिल्न आउँदैन ।

यस अतिरिक्त "सुथां" भक्तपुरबाट प्रकाशित "पासुका" भन्ने पत्रिकाको वर्ष ३ अङ्क ८ को ३ पृष्ठमा कलकत्ताबाट सन १९५६ मा प्रकाशित "द डेभ्लप्मेण्ट अफ हिन्दू आईकोनो ग्राफि" मा श्री जितेन्द्र नाथ वनर्जीकोबाट उद्धृत गरी श्री डेविड किन्स्लेले यसरी लेखेको छ ।

"शिशु प्रति वैरभाव राख्नु अरूदेवीहरू पनि हिन्दू धार्मिक परम्परामा छन् । हारती देवी बुद्धकालीन उत्तरी भारतमा पूजनीय थिइन् । उनी राजगृहबाट शिशुहरू चोर्थिन् र तिनैको भक्षण गरी आफ्ना सन्तानहरूको समेत पेट भरी दिन्थिन् । उनको नाम हारती अथवा हरेर लग्ने देवी हो । बुद्धले उनलाई ममतामयी बनाई दिएर भविष्यका सबै धर्म प्रियजनल उनको र उनका पुत्रहरूका मूर्ति घरघरमा स्थापना गरी पुज्ने छन् भन्ने वचन वर पनि दिए ।"

यसबाट पनि हारती देवी एक हिन्दू अर्थात् शैवमतका देवी हुन् भनी पुष्टचाएको छ । साथै मूर्ति सम्बन्धी बखान नगरिएकोले सिंगुँका मूर्तिसंग तुलना गर्न अवसर मिलेन । यसै सन्दर्भमा ने. सं. ११९८ चिल्लागा १४ (वि. सं. २०५५ चैत्र) को "सन्ध्या टाइम्सका शुक्रबार तँसापौ" मा श्री गंगालाल श्रेष्ठज्यूले "हारतीदेवी पूजाया ऐतिहासिकता" भन्ने रचनामा उल्लेख गरिएका केही अंश संक्षेपमा प्रस्तुत गरिएको छ ।

"भिक्षु नरेन्द्र यश काश्मिरयाम्ह सन् ५४१/४२ पाखे यात्राया क्रमय् गान्धारया पुइलावती थ्यंबले पूर्वपाखे हारतीया ल्वहँया चीभाः खना धका धयाः तः गु दु ।

न्हापा थ्वया नां नन्दा खः । मस्त खुया नयगु याना हःगुलि नन्दामधासे हारती (खुनी) धायगु यानाः हःगुखः ।"

यस भनाइबाट "काश्मिरका भिक्षु नरेन्द्र यश भ्रमणमा आउँदा गान्धारका पइलावती पुग्दा पूर्वतिर हारतीको शिला चैत्य देखे । हारतीका नाम पहिला नन्दा थिए । पछि हारती भन्न थाले भनी बताएको छ । साथै यसरी पनि लेखिएको छ ।

"बौद्ध धर्मग्रन्थया खोजय चिनिया भिक्षु ह्वैनसाङ्ग न्हेगद शताब्दी भारत पुइकलावती थ्यंसेलि अन तः जागु हारतीया स्तुप (दूँ स्थुर) खँगु ख ।"

यस भनाइबाट "धर्मग्रन्थ खोजमा आएका चिनिया यात्री ह्वैनसाङ्ग भारत पुइकलावती सातौं सदावदीमा आइ पुग्दा हारती को ठूलो अग्लो स्तूप देखे भनी बताएको छ । अर्को यसरी पनि लेखिएको छ ।

"दसुया निंति चिनिया यात्री यित्सिग भारतया बौद्ध संघारामया प्रवेश द्वारपाखे अनया भोजनालय या छकु कुनेयु हारतीमा मूर्ति पलिस्था यानाः तःगु दु । छम्ह म मुले, अले स्वम्ह प्यम्ह वा न्याम्ह वया पुलि क्सयच्वना च्वंगु विवरण बियाः तःगु दु ।"

यस उक्तिबाट "चिनियाँ यात्री यिसिंग भारत आइपुग्दा बौद्ध संघारामको प्रवेशद्वारातिर त्यहाँका भोजनालयका एककुनामा हारतीका मूर्ति प्रतिष्ठापित थिए । एउटा बच्चा काखमा र अरू तीन चार वा पाँचवटा घुँडातिर राखिएका थिए भनी बताएको छ । पुनः यसरी पनि लेखिएको छ ।

"खोतनया फरहाद वेग बैलाकीधा थासे संघाराम चैत्य व स्तुपया खण्डहरे चायागुचित्र फलक आपालं लुइकुगु दु । थथे प्राप्त जुगु चित्र न्याम्हमस्त ज्वनाः च्वंम्ह थ्व हारती

खः थ्व खँ यात्री यिसिंगया विवरणं क्यं थजागु हे मस्त ज्वनाः च्वंम्ह मिसाम्ह यारखोट पाखे नं लुगु दु । थ्वनं हारतीया हे मूर्ति खः धका प्रसिद्ध फ्रेन्च विद्वान् फुरो पुष्टियाय धुंकुगु दु ।"

यस भनाइले "खोतनका फरहाद वेग बैलकी भन्ने स्थानमा संघाराम, चैत्य र स्तूपका खण्डहरूमा माताका चित्रफलक धेरै फेला पारेका छन् । यसरी नै बच्चाहरू समाई रहेकी स्वास्नी मान्छे यार खोट तिर पनि प्राप्त भएको छ । यो पनि हारतीका नै मूर्ति हुन् भनी फ्रेञ्चका विद्वान फुसेले ठहराएका छन्" भनी बताएको छ । यस अलावा यसरी लेखेको पाइएको छ ।

"यल चपट त्वालय् पलिस्था याना तःगु हारतीया मूर्ति खुगुगु शताब्दीयागु खःधयागु विद्वान् तय्गु धापु दु, थ्व मूर्ति छम्हमचा मुले "प्यम्ह मचा जवँय् खबय् च्वंना च्वंगु दु ।"

यस कथनबाट "पाटन चपट टोलमा प्रतिष्ठापित हारतीका मूर्ति छैठौं शताब्दीका हुन् । यस मूर्तिमा एउटा बचा काखमा अरू चारवटा दायाँ बायाँ बसेका छन्" भनी बताएको छ । अन्त्यमा यसरी लेखेको छ ।

"स्वयम्भू च्वंगु हारतीया मूर्ति स्वम्ह मस्तम्हयव निम्हमस्तय् क्वय च्वनाः च्वंगु दु थ्व मूर्तिया शैलिव वनावट यात ध्यान बीबले मल्ल काले पलिस्था जुगु धकाः अपुक हे सीके फु ।"

यस भनाइबाट स्वयम्भूका हारतीको मूर्तिमा तीनवटा बच्चा जिउमा र दुइवटा बच्चा तल बसिराखेको छ । यस मूर्तिको शैली तथा वनावटलाई ध्यान दिंदा मल्लकालमा स्थापना गरेका हुन् भनी स्पष्ट थाहा पाउन सकिन्छ भनी बताएको छ ।

यस भनाइ तथा कथनलाई मनन् गरी हेर्दा आपसमा बाझिएको छ । साथै स्वयम्भूका हारतीको वर्णन गरेको नमिलेकोले अरू सबै काल्पनिक जस्तै देखिन आएको छ । साथै जति प्रामाणित रूपमा पुष्टि गर्न खोजिएको छ ती सबै यो ग्रन्थको यति पृष्ठमा उल्लेख भएको छ भन्ने र यहाँबाट उपलब्ध भएको भनी श्रोत उल्लेख नगरिएकोबाट कल्पित नै हुन् भन्ने संकेत गरेको देखिन्छ ।

तापनि पाटन चपट टोलमा अवस्थित हारती भन्नेका मूर्ति सम्बन्धमा ललितपुर चपट टोलमा स्थलगत अध्ययन गर्न जाँदा सोही स्थानका श्री बाबु सिं महर्जनज्यूका असिम सहयोगबाट श्री कृष्ण महर्जनज्यूका चोकमा स्थापित देखियो ।

मूर्ति सुन्दर स्पष्ट छ । कालो चिप्ले एउटै शिलामा कुँडिएको छ । मूर्तिको निर्माण तथा वनावट हुँदा स्वयम्भूको हारतीका मूर्तिभन्दा पुरानो देखिन्छ । अपितु ती मूर्तिशिलामा अभिलेख कुँडेको पाइएन । (साथै त्यसका हाराहारीमा कुनै शिलाभिलेख भेटिएन अर्थात् देखिएन )

मूर्ति अर्द्ध पद्मासन गरी बसेको छ । दाहिने हात तिघ्रामा अडाएको छ । देब्रे हातले काखमा बस्ने बच्चालाई समाएको छ । एउटा बच्चा दायाँ घुँडासंगै उभिएको छ त अर्को एउटा देब्रे घुँडासंगै उभिएको छ । अर्को एउटा बायाँ गोडासंगै बसेको छ भने अर्को घुँडा मुनि एउटा भेडाकारका जनावरलाई समाई बसेका छन् । यो मूर्ति स्वयम्भूका मूर्तिसंग मिल्न आउँदैन न त श्लोक गीतसंग समन्वय देखिन आउँछ । यस उसले यी मूर्तिलाई हारतीको मूर्ति भन्न मिल्ने देखिदैन । तथापि यी हारतीकै मूर्ति हो भन्ने यस मूर्तिमा पशुको मूर्ति कसरी प्रविष्ट हुन आयो विचारणीय छ ।

साथै स्वयम्भूको हारतीसंग मेल खाने मूर्ति नघल श्रीघः विहारमा अवस्थित छ । यिनमा पनि एउटा बच्चा देब्रेतिर परेको छ । हाल स्थापना गरेको पाटन कुम्भेश्वर पूर्वपट्टि छन् अरू कतै पाइँदैन । एउटा बच्चा लिने दुईवटा मूर्ति भेटिन्छ । एउटा बालाजु उद्यानभित्र छन् । यिनलाई "प्याथ्वँ अजिमा" भनी पुकारिन्छ । पशुपति भित्र कीर्तिमुखसंगै अवस्थित छ । यिनलाई "शितला" भनी मानी आएको छ । यसबाट यी हारतीको मूर्ति होइन भनी स्पष्ट बताएको छ ।

यसर्थ सिंगुं (स्वयम्भू) अवस्थित एकजटी हारती शैवतन्त्र अन्तर्गतका (हिन्दू) शक्ति उग्रताराका एकरूप हुन् । हाल विद्यमान मूर्ति शैवतन्त्रका उग्रतारा तथा एकजटीका ध्यान श्लोकसंग मिल्दैन । नत बौद्धतन्त्रको पूजा विधिश्लोक धारणी अनुसार नै मिल्न आउँछ । यसरी कुनै

ग्रन्थ तन्त्र तथा ध्यान श्लोकसंग मेल नखाने भिन्दै प्रकारका मूर्ति प्रतिष्ठापित गरिनु र यिनैलाई एकजटी मानी हारती भनी थानी पञ्चमकार सहित पञ्चोपचारले परिपूजन गरी आउनु विस्मित होइन र ।

तसर्थ सिंगुं डाँडामा एकजटीका स्थापनाकाल गर्भमा नै सीमित भइरहेको कुरामाथि इङ्गित गरिसकेको छ । अब रह्यो वर्तमान अवस्थित मूर्तिका विषयमाथि प्रस्तुत गरिएको "पञ्चरक्षामा" पाटलीपुत्रोच परदेशो निवासिनी" भन्ने र भिक्षुरेन्द्र यस भ्रमण विवरणमा "हारती पहिले राजपुट वासी" भन्ने तथा डेविड किन्स्लेको रचनामा "राजगृह बासी" उल्लेख भएकोले हारतीदेवी भारतबाट आयातिन भएको प्रतीत हुन आएको छ ।

अतः ने. सं. ९१९ मा एकजटीको मूर्ति फुटाली सकेपछि यात शैवतन्त्रनुसार तथा बौद्ध तन्त्रानुसारका श्री उग्रताराको एकरूप एकजटीको प्रतिविम्ब मूर्ति स्थापना गर्नु पर्ने हो । सो नगरी अर्कै मूर्ति प्रतिस्थापित गर्नु युक्तिसंगत देखिएन । साथै यस अघिका एकजटीको मूर्ति के कस्तो थियो निर्क्योल गर्नु पर्ने अति आवश्यक देखिएको छ। यस सम्बन्धमा विशेष अन्वेषण अनुसन्धान गर्नु जरूरी देखिन्छ ।

जेहोस् सिंगुँ (स्वयम्भू) मा अवस्थित श्री उग्रताराको एकरूप एकजटीको मन्दिर गृहमा अर्कै हारती देवीका मूर्ति प्रतिष्ठा गरे तापनि एकजटी कै रूपमा शैव तन्त्रानुसार नै पञ्चमकार सहित पञ्चोपचारले पूजा अर्चना भई गरी आएका छन् । यही एक विशेषता हो । यी देवी बौद्ध सम्प्रदायको मात्र नभई शैवी (हिन्दू) सम्प्रदायका पनि आराध्य तथा श्रद्धेय भएकीले हामी सबैले सभक्तिपूर्वक पूजा अर्चना गर्ने प्रचलन छ ।